

भारत भ्रमणमा प्रधानमन्त्रीले उठाउनुपर्ने विषय

विमल लामिछाने

(३)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९१ ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५ / ९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४९०

❑ वर्ष-२१ ❑ अंक - २८४ ❑ २०८३ मङ्सिर ०२ गते बुधबार ❑ Wednesday, 18 Nov. 2026 ❑ मूल्य ७ /-

स्थानीय चुनाव नजिकिँदै

✍ खगेन्द्र कार्की

दमक/ स्थानीय तह निर्वाचनको तयारी अघि बढेसँगै निर्वाचित जनप्रतिनिधिको अन्तिम कार्यकालमा सरकारी पद र सार्वजनिक बजेटको प्रयोग कति निष्पक्ष हुन्छ भन्ने प्रश्न उठ्न थालेको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा विकास निर्माणका योजना, भूमि व्यवस्थापन, सामाजिक कार्यक्रम र बजेट खर्चलाई चुनावी लाभसँग जोडेर अघि बढाइए त्यसले प्रतिस्पर्धाको समान अवसर प्रभावित पार्न सक्ने चिन्ता व्यक्त हुन थालेको हो ।

निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनको तयारीका लागि राजनीतिक दलहरूसँग छलफल अघि बढाएको छ । आयोगले मंसिर ४ गते राष्ट्रिय मान्यता प्राप्त दलहरूलाई निर्वाचनको मिति र प्रक्रियाबारे परामर्श गर्न बोलाएको छ । सरकारले आगामी फागुनमा स्थानीय तह निर्वाचन गर्ने गरी तयारी गरिरहेको समाचार सार्वजनिक भएका छन् । आयोगले मतदाता नामावली अद्यावधिक तथा निर्वाचन व्यवस्थापनका काम पनि अघि बढाइरहेको छ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ मा गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि निर्वाचन गर्नुपर्ने व्यवस्था छ । संविधानले स्थानीय तहका निर्वाचित पदाधिकारीको कार्यकाल पाँच वर्ष हुने र कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को निर्वाचन सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैले निर्वाचनको मिति र कार्यकालको अन्त्यलाई कानुनी व्यवस्थाअनुसार स्पष्ट पार्नु आवश्यक छ ।

तर निर्वाचनको मिति तोक्नु मात्र निष्पक्षताको प्रत्याभूति होइन । चुनावअघि स्थानीय सरकारका निर्णय, बजेट विनियोजन



र कार्यक्रम कार्यान्वयन कसरी हुन्छन् भन्ने विषय पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कार्यकालको अन्तिम चरणमा जनप्रतिनिधिले आफ्नो राजनीतिक प्रभाव बढाउने उद्देश्यले नयाँ योजना घोषणा गर्ने, अधुरा आयोजना तीव्र गतिमा अघि बढाउने वा लक्षित वर्गका कार्यक्रमलाई चुनावी प्रचारसँग जोड्ने जोखिम रहन्छ । यस्तो आशंका सम्बोधन गर्न खर्चको पारदर्शिता र निर्णय प्रक्रियाको निगरानी आवश्यक देखिन्छ ।

विशेषगरी भूमिहीन तथा सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने, आवास र सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रम संवेदनशील छन् । यस्ता कार्यक्रम नागरिकको अधिकार र आवश्यकताका आधारमा सञ्चालन हुनुपर्छ, राजनीतिक दल वा जनप्रतिनिधिको प्रभावका आधारमा होइन । भूमि आयोग वा सम्बन्धित सरकारी संरचनाबाट हुने कामको श्रेय स्थानीय जनप्रतिनिधिले व्यक्तिगत वा दलगत रूपमा लिन खोजेमा राज्यको कार्यक्रम र चुनावी प्रचारबीचको सीमा धमिलिन सक्छ । त्यसैले लाभग्राही छनोट, जग्गा वितरण र बजेट खर्चका आधार सार्वजनिक हुनु आवश्यक छ ।

स्थानीय तहमा पुराना राजनीतिक दलको लामो समयदेखिको प्रभाव रहे पनि आगामी निर्वाचनमा मतदाताको निर्णयलाई प्रभावित पार्ने आधार केवल विगतका उपलब्धिको दाबी मात्र हुनेछैन । सडक, विद्युत्, खानेपानी र पूर्वाधार निर्माणमा आफ्नो योगदान रहेको बताउने दल तथा जनप्रतिनिधिले त्यसको लागत, गुणस्तर र नागरिकले पाएको लाभसमेत स्पष्ट पार्नुपर्नेछ । विकासको दाबीलाई तथ्य र परिणामबाट परीक्षण गर्ने जिम्मेवारी मतदाता र सञ्चारमाध्यमको पनि हो ।

यसबीच नेपाली कांग्रेसको आन्तरिक विवाद, नेतृत्व र महाधिवेशन

बाँकी ४ पेजमा ▸▸

कर सप्ताह शुरू, दमकमा ऱ्याली



दमक/ राष्ट्रिय कर दिवसको अवसरमा दमकमा ऱ्याली निकालिएको छ । दमकको कर कार्यालयबाट शुरू भएको ऱ्याली दमक बजार परिक्रमा गरेर दमक उद्योग वाणिज्य संघको कार्यालय पुगेको थियो ।

ऱ्यालीपछि भएको सभामा दमकका प्रमुख कर अधिकृत सूर्यबहादुर कुँवर, उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य गोकुल श्रेष्ठ, उद्योग वाणिज्य संघ उर्लावारीका अध्यक्ष तारामान लिम्बू, दमक उद्योग वाणिज्य संघका अध्यक्ष देवीप्रसाद गुरागाईं (गोपाल) लगायतले कर तिर्नुपर्ने आवश्यकताबारे धारणा राखेका थिए । अधिकांश वक्ताहरूले व्यवसायीलाई समयमा कर तिर्न अनुरोध गरेका छन् ।

यसैबिच सरकारले विभिन्न १९ विधामा उत्कृष्ट करदाताहरूलाई सम्मान गरेको छ । दमकस्थित आन्तरिक राजस्व कार्यालयमा कार्यरत

बाँकी ४ पेजमा ▸▸

३७ दिनमा मोरङमा २ सय ६ जना पक्राउ

दमक/ दसैंदेखि छठसम्मको ३७ दिनको अवधिमा मोरङमा २१९ वटा आपराधिक तथा दुर्घटनाजन्य घटना भएका छन् । ती घटनामा संलग्न रहेको आरोपमा प्रहरीले २०६ जनालाई पक्राउ गरेको छ भने अदालतबाट दोषी ठहर भई फरार रहेका ४७ जना प्रतिवादीलाई समेत नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार घटस्थापना अर्थात् असोज २५ देखि छठ अर्थात् कात्तिक ३० गतेसम्म भएका घटनामध्ये १५ वटा जघन्य, ३७ वटा गम्भीर र १६७ वटा सामान्य प्रकृतिका छन् ।

चाडपर्वका अवधिमा छिटपुट आपराधिक घटना तथा सवारी दुर्घटना भए पनि समग्रमा दसैं, तिहार र छठ शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ । विगतका वर्षमा जस्तो सामूहिक अपराध, ठूला आपराधिक घटना तथा शान्ति सुरक्षामा गम्भीर असर पार्ने गतिविधि नदेखिएको मोरङ प्रहरीको भनाइ छ ।

मोरङ प्रहरीका सूचना अधिकारी डीएसपी सन्तोष श्रेष्ठका अनुसार चाडपर्वलाई लक्षित गरी विशेष सुरक्षा योजना लागू गरिएको थियो । सोही अवधिमा प्रहरीले ७७३ ग्राम ब्राउन सुगर, ९७५ किलो गाँजा तथा एम्पुल र चक्की गरी २ हजार ७३१ थान लागुऔषध बरामद गरेको छ ।

शिक्षक लाइसेन्सका लागि आवेदन खुल्यो

दमक/ शिक्षक सेवा आयोगले माध्यमिक तहको अध्यापन अनुमतिपत्र (लाइसेन्स) परीक्षाका लागि दरखास्त आह्वान गरेको छ । आयोगले मंगलबार सूचना जारी गर्दै आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट मंसिर ७ गते देखि अनलाइन आवेदन माग गरेको हो ।

आयोगका अनुसार उम्मेदवारले पुस ७ गते राति १२ बजेसम्म नियमित दस्तुरमा आवेदन दिन सक्नेछन् । उक्त अवधिमा आवेदन दिन छुटेकाले दोब्बर दस्तुर तिरेर पुस १४ गते राति १२ बजेसम्म दरखास्त पेस गर्न पाउनेछन् । अनलाइन आवेदनका क्रममा उम्मेदवारले हालसालै खिचेको नागरिकतामा प्रयोग भएको फोटो, हस्ताक्षरको नमुना, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्कपत्र र तालिमको प्रमाणपत्रलगायत आवश्यक कागजात अपलोड गर्नुपर्ने सूचनामा उल्लेख गरिएको छ ।

चाडबाडमा चोरी र लुटपाटका घटना बढी

दमक/ दशैं, तिहार र छठ जस्ता चाडबाडमा चोरी र लुटपाटका घटना बढी भएको मोरङ जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

चाडपर्वमा यात्रुको चाप, आर्थिक कारोबार र सार्वजनिक जमघट बढ्ने भएकाले चोरी, लुटपाट, ठगी तथा झैझगडाका घटना रोक्न प्रहरीले विशेष सुरक्षा परिचालन गरेको भएपनि चोरीका घटना बढी देखिएको मोरङ प्रहरी प्रमुख एसपी कवित कट्वालले जानकारी दिए । राजमार्गमा स्कर्टिङ, संयुक्त चेकजाँच, मोबाइल गस्ती र पैदल गस्ती सञ्चालन गर्नुका साथै यात्रुको सहजताका लागि विभिन्न स्थानमा यात्रु सहायता कक्षसमेत स्थापना गरिएको थियो ।

मोरङ प्रहरी प्रमुख एसपी कवित कट्वालका अनुसार सुरक्षा कार्ययोजना, २०८३ अन्तर्गत सम्भावित जोखिम क्षेत्र पहिचान गरी प्रहरी परिचालन गरिएको थियो । धार्मिक तथा पर्यटकीय स्थलमा दर्शनार्थीको भीड व्यवस्थापन, बैंक तथा वित्तीय संस्था, सरकारी कार्यालय र आर्थिक कारोबार हुने स्थानको सुरक्षालाई प्राथमिकता दिइएको थियो ।

त्यसैगरी, भीडभाड हुने क्षेत्रमा सीसी क्यामेराबाट निगरानी गर्नुका साथै आवश्यकताअनुसार ड्रोन क्यामेरासमेत प्रयोग गरिएको प्रहरीले जनाएको छ । चाडपर्व मनाएर घर फर्किने तथा गन्तव्यतर्फ जाने यात्रुको सुरक्षाका लागि राजमार्ग र सहायक सडकमा निगरानी बढाइएको थियो ।

'छिटपुट घटना भए पनि समग्रमा तूला चाडपर्व शान्तिपूर्ण

बाँकी ४ पेजमा ▸▸

सेप्टिट्यांकीभित्र शव भेटियो

उर्लाबारी/ मोरङको रतुवामाईमा घरनजिकै खेल्न गएका ४ वर्षीय बालकको शव निर्माणाधीन घरको सेप्टिक ट्यांकीभित्र भेटिएको छ । सेप्टिक ट्यांकी खन्ने क्रममा बनाइएको खाल्डोमा शव फेला परेको हो ।

रतुवामाई नगरपालिका-५ गोविन्दपुरका आशिक राजवंशीका छोरा रञ्जन आइतबारदेखि बेपत्ता थिए । घरनजिकै रहेको ठूलो बुबाको घरमा खेल्न गएका उनी बुबाले घर फर्कन भनेपछि त्यहाँबाट निस्किएका थिए । तर, घर नपुगेपछि परिवारले उनको खोजी सुरु गरेको थियो । खोजीकै क्रममा करिब ७०० मिटर पूर्व कार्की टोलस्थित मोहम्मद अब्दुल्लाको निर्माणाधीन घरको सेप्टिक ट्यांकीभित्र बालकको शव भेटिएको हो ।

प्रहरीका अनुसार प्रारम्भिक रूपमा घटना शंकास्पद देखिएको छैन । खेल्ने क्रममा बालक खाल्डोमा खसेर डुबेको हुनसक्ने प्रहरीको प्रारम्भिक आशंका छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

चिया फ्याक्ट्रीमा आगलागी

झापा/ झापाको मेचीनगर १५ निलकोठीस्थित नेचर हिमालय चिया फ्याक्ट्रीमा आगलागी हुँदा लाखौको क्षति भएको छ । मंगलवार दिउँसो१:५० बजे मेचीनगर १५ निलकोठीस्थित नेचर हिमालय चिया फ्याक्ट्रीमा मेसिनबाट अचानक आगलागी भएको हो । आगलागीबाट मेसिन र सुकाउँदै गरेको चिया जल्दा ३० लाख बराबरको क्षति भएको छ ।

आगलागीको खबर प्राप्त भएपछि प्रहरी चौकी ज्यामिरगढीबाट प्रहरी सहायक निरीक्षक दिनाराज दाहाल र प्रहरी चौकी चारआलीबाट प्रहरी नायब निरीक्षक किरण राईको कमाण्डमा प्रहरी टोली खटिएको थियो । भद्रपुर र मेचीनगर नगरपालिकाको दमकल, प्रहरी र स्थानीयबासीहरुको सहयोगमा उक्त आगो दिउँसो २:२५ बजे पूर्णरुपमा नियन्त्रणमा लिइएको जनाइएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

BIG DIGITAL

कर्मचारी आवश्यकता

BIG DIGITAL दमकको लागि केही दक्ष तथा अनुभवी कर्मचारी आवश्यक रहेको हुँदा इच्छुकले सम्पर्क गर्न सक्नु हुने छ।

सेल्समयान २ जना

सेल्स असिस्टेन्ट २ जना

योग्यता :
- सम्बन्धीत काममा दक्ष

आवश्यक कागजातहरु :
1. नागरिकता वा मतवाता परिचय पत्रको प्रतिलिपि
2. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
3. सम्बन्धित कामको योग्यताको प्रमाणपत्र तथा इस्त लिखित निवेदन

पारिश्रमिक :
- सेल्समयान : रु. २६,०००/-
- असिस्टेन्ट : रु. १५,०००/-

सेवाको किसिम : करार सेवा (२ वर्ष अवधी)

सम्पर्क मिति : २०८३ कार्तिक २७ गतेदेखि मङ्सिर ५ गतेसम्म

परीक्षाको किसिम : प्रमाण पत्र तथा योग्यताको आधारमा अन्तरवार्तामा बोलाईने छ ।

arambha.computer@gmail.com
023-576246
9852676246

BIG DIGITAL
दमक, झापा

सम्पादकीय

ज्येष्ठ नागरिकप्रति राज्यको दायित्व

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ नेपालको १२ औं वार्षिक साधारण सभाले राज्य र राजनीतिक दलहरूलाई गम्भीर प्रश्न तथा गतिलो चेतावनी दिएको छ । देशका अधिकांश जिल्लाबाट उपस्थित देशभरिका अगुवा ज्येष्ठ नागरिकहरूको यो भेलाले केवल आफ्नो संस्थागत वार्षिक समीक्षा मात्र गरेन, बरू राज्य सञ्चालकहरूको नीति, प्रवृत्ति र व्यवहारप्रति तीखो असन्तुष्टि समेत पोख्यो । करिब ३० लाखको संख्यामा रहेका र शतप्रतिशत मतदानमा भाग लिने निर्णायक मतदाताहरूको यो आवाजलाई राज्यले सामान्य रूपमा लिनु हुँदैन । यो ज्येष्ठ नागरिकहरूको मात्र होइन, यो समग्र समाजको साझा चिन्ता हो ।

यस साधारण सभामा उठाइएका विषयहरू केवल नाम फेरबदल वा मन्त्रालयको नामाकरणमा सीमित छैनन्, यो त जीवनको उत्तरार्धमा पुगेका नागरिकप्रतिको राज्यको सम्मान, कदर र संवेदनशीलतासँग जोडिएको गम्भीर मामिला हो । मन्त्रालयको नामबाट 'ज्येष्ठ नागरिक' शब्द हटाएर अन्य समुदायको नाम राखिनुले उनीहरूमा राज्यले आफूहरूलाई पाखा लगाएको महसुस गराएको छ । यदि मन्त्रालयको नाम 'सामाजिक सुरक्षा मन्त्रालय' मात्र राखिएको भए वा ज्येष्ठ नागरिकको गरिमालाई उच्च राखिएको भए यो असन्तुष्टि जन्मने नै थिएन । नाममा सम्बोधन नभए पनि व्यावहारिक रूपमा नीति, बजेट र सेवासुविधामा न्याय पाउनुपर्ने उनीहरूको माग न्यायोचित छ ।

नेपालको संविधानले ज्येष्ठ नागरिकको संरक्षण, सम्मान र सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । तर विडम्बना, स्थानीय तहदेखि केन्द्र सरकारसम्म बजेट विनियोजनमा हुने विभेद, दिवा सेवा केन्द्रहरूको अभाव, सवारी भाडामा ५० प्रतिशत छुट र स्वास्थ्य उपचारमा सहुलियतजस्ता कानुनमा उल्लेखित व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन अझै हुन सकेको छैन । प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदा समेत राज्यबाट उचित सुनुवाई नहुनु दुःखद् पक्ष हो ।

लोकतन्त्र र निर्वाचनका बेला मतको सौदाबाजी गर्ने तर जितेर कुर्सीमा पुगेपछि ज्येष्ठ नागरिकका समस्यालाई ओझेलमा पार्ने प्रवृत्ति अब स्वीकार्य हुन सक्दैन । हामीले भोट नदिए कसले जित्छ ? भन्ने उनीहरूको चेतावनीलाई धम्कीभन्दा पनि राज्यप्रति गरिएको एउटा तीखो खबरदारीका रूपमा बुझ्नुपर्छ । ज्येष्ठ नागरिकहरू तोडफोड वा आगजनीमा उत्रिने छैनन्, उनीहरू शंख फुकेर, शान्तिपूर्ण तरिकाले आफ्नो अधिकारका लागि मैदानमा उत्रिनेछन्। तर ३० लाखको यो निर्णायक शक्तिलाई उपेक्षा गर्नु कुनै पनि राजनीतिक दल र सरकारका लागि महँगो साबित हुन सक्छ ।

अतः सरकार, राजनीतिक दल र स्थानीय तहहरुले ज्येष्ठ नागरिकहरूको यो जायज आक्रोशलाई समयमै बुझ्न जरूरी छ । मन्त्रालयको नामकरणमा भएको त्रुटि सच्याउने वा काम र व्यवहारबाटै उनीहरूको चित्त बुझाउने पहल तत्काल गरिनुपर्छ । ऐन-नियममा भएका सहुलियतहरूको शतप्रतिशत कार्यान्वयन, प्रत्येक वडामा दिवा सेवा केन्द्रको स्थापना र स्वास्थ्य तथा यातायात क्षेत्रमा छिट्नुपर्ने छुटलाई सुनिश्चित गर्नु राज्यको दायित्व हो ।



◆ विमल लामिछाने

एउटै भ्रमणले दशकौंका सबै समस्याहरू रातारात समाधान हुन्छन् भन्ने होइन, तर पनि यो उच्चस्तरीय संवादले आपसी विश्वासको बलियो आधार तयार पारेर दुवै राष्ट्रको संयुक्त समृद्धिमा ऐतिहासिक ईंटा थप्ने अपेक्षा गरौं ।

भारत भ्रमणमा प्रधानमन्त्रीले उठाउनुपर्ने विषय

नेपाल र भारतबीचको सम्बन्ध केवल दुई भौगोलिक सीमा जोडिएका छिमेकी राष्ट्रहरूको औपचारिक कूटनीतिक सम्बन्ध मात्र होइन, यो सभ्यता, संस्कृति, इतिहास, धर्म, र जनस्तरको अटुट भावनामा आधारित एक गहिरो परिसंचरण हो । नेपालमा जेनजी विद्रोहपश्चात् गठन भएको नयाँ राजनीतिक नेतृत्व र प्रधानमन्त्री बालेन्द्र शाहको आसन्न भारत भ्रमणले दुई देशबीचको सम्बन्धमा विद्यमान केही अविश्वासका खाडलहरूलाई पुर्दै नयाँ गतिशीलता प्रदान गर्ने सुवर्ण अवसर जुरेको छ ।

बदलिँदो भूराजनीतिक परिस्थिति, आर्थिक अपरिहार्यता र समकालीन विकासका आवश्यकताहरूलाई मध्यनजर गर्दै नेपालले भारतसँगको सम्बन्धलाई गुनासोमुक्त, समानतामा आधारित र परिणाममुखी बनाउनु अपरिहार्य भइसकेको छ । यस लेखमा नेपालले भारतसँगको सम्बन्ध सुदृढ गर्न र विकास योजनाहरूमा प्रभावकारी हातेमालो गर्न सक्ने मुख्य विषयहरू र तिनका ठोस तर्कहरू प्रस्तुत गरिएको छ ।

साझेदारी न्यापार घाटा न्यूनीकरणको अवसर

नेपालको अर्थतन्त्र लामो समयदेखि संरचनात्मक रूपमा कमजोर रहँदै आएको छ र भारतसँगको विशाल व्यापार घाटा नेपालको आर्थिक स्थायित्वका लागि सबैभन्दा ठुलो चुनौती बनेको छ । नेपालबाट निर्यात हुने वस्तुहरूको मात्रा न्यून छ भने उपभोग्य वस्तुवेखि इन्धनसम्मका लागि भारतमाथिको परनिर्भरता अत्यधिक छ । यो असन्तुलनलाई चिर्न प्रधानमन्त्रीको आगामी भ्रमणका क्रममा अधि सारिएको दुई अर्ब अमेरिकी डलर बराबरको आर्थिक सहायताको प्रस्तावलाई केवल ऋण वा अनुदानको रूपमा मात्र नभई नेपालको उत्पादनशील क्षमता बढाउने रणनीतिक अवसरका रूपमा लिनुपर्छ ।

प्रस्तावित एक अर्ब डलरको अनुदानमध्ये बुटवल-पोखरा द्रुतमार्ग (एक्सप्रेस वे) निर्माणले तराई क्षेत्रबाट पहाडसम्मको दूरी र ढुवानी समय मात्र घटाउँदैन, यसले नेपालको आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउँछ । भारतीय सीमाबाट पोखरासम्म दुई घण्टामा पुग्न सकिने यो मार्गले भारतीय धार्मिक तथा सांस्कृतिक पर्यटकहरूलाई सिधै मुक्तिनाथसम्म जोड्नेछ, जसले नेपालको पर्यटन उद्योगमा हजारौं रोजगारी सिर्जना गर्नेछ । त्यस्तै, भोटेकोशी बाढीबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र बाँकी एक अर्ब डलर सहुलियतपूर्ण ऋणमार्फत जलविद्युत् तथा प्रसारण लाइनको निर्माण गर्ने प्रस्ताव नेपालको ऊर्जा सुरक्षा र आर्थिक आत्मनिर्भरताका लागि कोसेढुंगा साबित हुन सक्छ । नेपालमा उत्पादित जलविद्युत भारतमा निर्यात गरेर मात्रै पनि नेपालले ठुलो परिमाणको व्यापार घाटा कम गर्न सक्छ ।

सडक, रेल, हवाई र डिजिटल मार्गको विस्तार

विकासको पहिलो सर्त बलियो भौतिक सम्पर्क (कनेक्टिभिटी) हो । नेपाल र भारतबीचको व्यापारिक तथा जनस्तरको सम्बन्धलाई अझ सहज बनाउन परिवहन सञ्जालको आधुनिकीकरण अपरिहार्य छ ।

रेलभवे तथा सडक सञ्जालः नेपालले भारतको अयोध्यादेखि जनकपुरसम्म सिधा रेलसेवा सञ्चालन गर्ने जुन प्रस्ताव गरेको छ, त्यो सांस्कृतिक पर्यटन प्रवर्धनका दृष्टिले अत्यन्तै दूरगामी छ । यसबाहेक जनकपुरबाट बर्दीबास हुँदै निजगढ र रक्सौलबाट वीरगन्ज, पथलैया हुँदै निजगढसम्मको रेल्वे विस्तारले नेपालको आन्तरिक र बाह्य पारवहन प्रणालीलाई अत्याधुनिक बनाउनेछ ।

हवाई प्रवेशमार्गको जटिलता र समाधानः पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थलहरु निर्माण भए पनि नियमित उडानहरू सञ्चालन हुन नसक्नु नेपालको नागरिक उड्डयन क्षेत्रको सबैभन्दा ठुलो विडम्बना हो । भारतले सुरक्षा चासो र हवाई ट्राफिक व्यवस्थापनको कारण देखाउँदै नयाँ हवाई प्रवेशमार्ग उपलब्ध नगराएका कारण यी महँगा पूर्वाधारहरु अर्थहीन बन्ने खतरामा छन् । तसर्थ, प्रधानमन्त्रीको भ्रमणका क्रममा भैरहवा-कुशीनगर, पोखरा-वाराणसी र नेपालगन्ज-दिल्ली जस्ता उडान मार्गहरु सञ्चालन गर्न र नयाँ हवाई प्रवेशमार्गको अनुमति लिन भारतलाई विश्वस्त पार्नुपर्छ । सुरक्षा संवेदनशीलतालाई सम्बोधन गर्दै संयुक्त हवाई व्यवस्थापन प्रणालीको अवधारणा अघि सार्नुपर्ने तर्क बलियो रूपमा राख्नुपर्छ ।

डिजिटल कनेक्टिभिटीः सीमापार डिजिटल भुक्तानी प्रणालीलाई औपचारिक रूपमा पूर्ण कार्यान्वयनमा ल्याउनु पर्छ । यसले दुई देशबीचको व्यापार, पर्यटन र साना व्यवसायीहरूको आर्थिक लेनदेनलाई झन्झटमुक्त, पारदर्शी र छिटो छरितो बनाउनेछ ।

पारवहन विविधीकरण र ऊर्जा सुरक्षा

नेपालले अहिलेसम्म तेस्रो मुलुकको व्यापारका लागि मुख्यतया कोलकाता, हल्दिया र विशाखापट्टनम बन्दरगाह मात्र प्रयोग गर्दै आएको छ। यसले गर्दा नेपालको पारवहन लागत अत्यधिक उच्च छ ।

भ्रमणका क्रममा गुजरात र उडिसा बन्दरगाह प्रयोग गर्ने प्रस्ताव अघि सार्नु नेपालको व्यापारिक लागत घटाउने दिशामा एक ऐतिहासिक कदम हो। यसले नेपालल्राई अन्तर्राष्ट्रिय बजारसँग जोड्न विकल्पहरूको दायरा फराकिलो पार्छ र कुनै एकतर्फी पारवहन मार्गमा आउने अवरोधले नेपाली अर्थतन्त्रलाई नराम्ररी असर पार्ने जोखिमलाई न्यूनीकरण गर्छ ।

त्यस्तै, ऊर्जा सुरक्षाका सन्दर्भमा हाल सञ्चालनमा रहेको रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनलाई चितवनको भण्डारासम्म विस्तार गर्ने प्रस्ताव अत्यन्तै सान्दर्भिक छ । यसले नेपालमा पेट्रोलियम पदार्थको ढुवानी लागतमा भारी कटौती गर्नेछ, सडकमा हुने ट्र्याफरहरूको भीडभाड र प्रदूषण कम गर्नेछ, र आपूर्तिको सुरक्षालाई सुनिश्चित गर्नेछ । यसका साथै वाणिज्य सन्धिको पुनरवलोकन तथा उच्च प्रविधिको क्षेत्रमा सहकार्य गर्ने प्रस्तावले नेपाललाई आधुनिक विश्व अर्थतन्त्रसँग जोड्न मद्दत गर्नेछ ।

अविश्वासको अन्त्य र आपसी विश्वासको पुनर्स्थापना

ऐतिहासिक, सांस्कृतिक र खुला सिमानाको सुदृढ सम्बन्ध रहे पनि पछिल्लो एक-डेढ दशकमा नेपाल-भारत सम्बन्धमा केही वैचारिक तथा राजनीतिक आशंकाहरु पैदा भएका छन् । सन् २०१५ को नाकाबन्दीपछि नेपाली जनमानसमा भारतप्रतिको दृष्टिकोणमा केही चिसोपन आएको छ । अर्कोतर्फ, नेपालले लिम्पियाधुरा, कालापानी र सुस्तासहितको भूभाग समेटेर नयाँ नक्सा जारी गरेपछि उत्पन्न कूटनीतिक दूरी अझै पूर्ण रूपमा मेटिन सकेको छैन ।

खुला सिमानाका कारण भारतको सुरक्षा वा प्रतिरक्षा चासो रहनु स्वाभाविकै हो; किनकि भारत सधैं आ नो सीमा सुरक्षालाई लिएर संशकित रहने गरेको छ । तर, यी सुरक्षा चासोलाई देखाएर नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वाभिमानलाई बेवास्ता गर्नु हुँदैन। प्रधानमन्त्री शाहको यो भ्रमणले दुवै देशका नेतृत्व तहमा रहेका संशयहरूलाई खुला संवादमार्फत मेटाउने सुनौलो अवसर दिनुपर्छ । कालापानी, सुस्तालगायतका सीमा विवादहरूलाई पन्छाएर होइन, उच्चस्तरीय कूटनीतिक संयन्त्रमार्फत गम्भीरतापूर्वक छलफल गरी दीर्घकालीन समाधानको बाटो पहिल्याउनु पर्छ ।

त्यसैगरी, पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (एफ्) लामो समयदेखि थन्किएको छ । यो परियोजना समयमै बन्न सकेको भए नेपालको ऊर्जा संकट सदाका लागि टर्दैथ्यो र भारतले पनि ठुलो परिमाणमा सस्तो हरित ऊर्जा पाउथ्यो । दुवै देशको साझा हित जोडिएका यस्ता ठुला परियोजनाहरूलाई राजनीतिक इच्छाशक्तिका साथ अगाडि बढाउनु नै बुद्धिमत्तापूर्ण हुनेछ ।

जनस्तरको सम्बन्ध र कुटनीतिक पाटो

नेपाल र भारतको सम्बन्ध कुनै नेता वा सरकारको फेरबदलसँग मात्र बदलिने खालको छैन । यो नागरिकहरूको आपसी सम्बन्धमा टिकेको छ । नेपालमा आएको जेनजी नेतृत्व र नयाँ राजनीतिक पुस्ताले पुराना कुटनीतिक जडतालाहरूलाई तोड्दै यथार्थपरक, पारदर्शी र परिणाममुखी सम्बन्धको वकालत गरेको छ ।

प्रधानमन्त्रीको भ्रमणबाट राम्रपाका शीर्ष नेताहरुको चीन र भारत दुवैतर्फ भइरहेको सक्रिय संवादले नेपालले कुनै एक छिमेकीको कार्ड अर्को छिमेकीविरूद्ध प्रयोग नगरेर दुवै छिमेकीसँग समदुरी र समभावको व्यावहारिक परराष्ट्र नीति अँडिगीकार गर्न खोजेको संकेत गर्छ । भारतले पनि नेपालको यो नयाँ राजनीतिक पुस्ताको लोकतान्त्रिक जनादेश र विकासप्रतिको हुटहुटीलाई सम्मान गर्दै समान सहकार्यको भावना देखाउनु पर्छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणले नेपाल-भारत सम्बन्धमा विगतमा देखिएका असमझदारी र अविश्वासका बादलहरूलाई चिर्दै आर्थिक साझेदारी, विकास र समृद्धिको नयाँ अध्यायको सूत्रपात गर्नुपर्छ । दुई अर्ब डलरको आर्थिक सहायताको सहि सदुपयोग, यातायात तथा पारवहन मार्गहरूको विविधीकरण, हवाई प्रवेशमार्गको सहजता र कालापानी तथा सीमा विवाद जस्ता जटिल मुद्दाहरूको परिपक्व कूटनीतिक समाधान बिना नेपाल र भारतबीचको सम्बन्ध दिगो बन्न सक्दैन ।

एउटै भ्रमणले दशकौंका सबै समस्याहरु रातारात समाधान हुन्छन् भन्ने होइन, तर पनि यो उच्चस्तरीय संवादले आपसी विश्वासको बलियो आधार तयार पारेर दुवै राष्ट्रको संयुक्त समृद्धिमा ऐतिहासिक ईंटा थप्ने अपेक्षा गरौं ।

पाठक पत्र

धार्मिक विभेद गर्नेलाई कारवाही होस्

छठ पर्वका क्रममा जातका आधारमा घाट र पण्डाल छुट्याएर विभेद गर्नेहरूलाई कानुनी कारवाही गर्न माग गरेकी छन् । उनले सनातन धर्मले कुनै जात वा थरका आधारमा मानिसलाई छूलो-सानो नमान्ने उल्लेख गर्दै उक्त माग गरेकी हुन् । उनले धर्म र परम्पराको नाममा जातीय विभेद स्वीकार गर्न नसकिने बताइन् । 'सनातन धर्मले कुनै जात चिन्दैन, कुनै थरका आधारमा मानिसलाई ठूलो वा सानो ठान्दैन । हाम्रो धर्मको मूल भावना समभाव, सहअस्तित्व र मानव मर्यादा हो । त्यसैले धर्म र परम्पराको नाममा जातीय विभेदलाई कुनै पनि हालतमा स्वीकार गर्न सकिँदैन,' सामाजिक सञ्जालमा उनले लेखेकी छन् ।

छठ पर्व आस्था, श्रद्धा, समर्पण र समानताको पर्व भएको उल्लेख गर्दै ओलीले एउटै पोखरीमा सूर्यलाई अर्घ्य दिँदासमेत जातका आधारमा छुट्टाछुट्टै घाट र पण्डाल बनाइनु लज्जास्पद, अमानवीय र निन्दनीय व्यवहार भएको टिप्पणी गरेकी छन् ।

'छठ पर्व आस्था, श्रद्धा, समर्पण र समानताको पर्व हो । सूर्य सबैका हुन्, छठी माता सबैकी हुन् । तर एउटै पोखरीमा सूर्यलाई अर्घ्य दिँदासमेत जातका आधारमा छुट्टाछुट्टै घाट र पण्डाल बनाइनु अत्यन्तै लज्जास्पद, अमानवीय र निन्दनीय व्यवहार हो,' उनले भनिन् ।

ओलीले जातका आधारमा छठ घाटमा विभेद गर्ने, सार्वजनिक जलाशयमा समान धार्मिक सहभागिताबाट कसैलाई वञ्चित गर्ने तथा यस्तो व्यवहारलाई संरक्षण गर्ने जोकोहीलाई कानुनी दायरामा ल्याएर कारवाही गर्न माग गरेकी छन् । यस विषयमा सम्बन्धित स्थानीय तह, प्रशासन र प्रहरीको तत्काल ध्यानाकर्षण गराउँदै ओलीले भनेकी छन्, विभेद हाम्रो शास्त्रले होइन, व्यक्तिको मानसिकताले हुन्छ ।'

- खुस्बु ओली, राप्रपा, प्रमुख सचेतक

कुरा नबुझी टिकाटिप्पणी

जापानमा आयोजित वक्तृत्वकला प्रतियोगितामा नेपाली युवक विमल नेपालीले विदेशमन्त्री पुरस्कार प्राप्त गर्नु नेपालीका लागि गौरवको विषय हो । तर, उनको भाषणको एउटा अंश सामाजिक सञ्जालमा भाइरल भएपछि उनी विवादमा तानिएका छन् । यस घटनाले सामाजिक सञ्जालमा कुनै पनि अभिव्यक्तिको पूर्ण सन्दर्भ नबुझी धारणा बनाउने हाम्रो प्रवृत्तिमाथि गम्भीर प्रश्न उठाएको छ । गत अक्टोबर ३ मा जापानको ओकायामा प्रिफेक्चरस्थित इबारा सहरमा आयोजित ६५औं विदेशी नागरिकका लागि जापानी वक्तृत्वकला प्रतियोगितामा विमलले '१० पानाको आत्मसमीक्षाले मलाई सिकाएको कुरा' शीर्षकमा भाषण दिएका थिए । भाषणका क्रममा उनले जापानी नागरिकलाई लक्षित गर्दै तपाईंहरु आफैं आ नो देशको रक्षा गर्न सक्नुहुन्न, त्यसैले हामी यहाँ तपाईंहरूलाई सहयोग गर्न आएका हौं भन्ने अभिव्यक्ति दिएको अंश अहिले चर्चामा छ । उक्त अभिव्यक्तिलाई लिएर केही जापानी नागरिकले आपत्ति जनाएका छन् । विदेशमा रोजगारी र भविष्य निर्माणका लागि आएका विदेशीले जापानी नागरिकलाई सहयोग गर्न आएको दाबी गर्नु अनुचित भएको उनीहरूको टिप्पणी छ । पुरस्कार प्राप्त व्यक्तिबाट यस्तो अभिव्यक्ति आउनु पनि प्रश्नको विषय बनेको छ ।

- ज्ञानेन्द्र पाण्डे, मोरङ

सामाजिक सञ्जाल

सरकारको नियत ठिक तर कार्यशैली कमजोर



डा. द्वारिकानाथ ढुंगेल

पूर्वप्रशासक एवं जलस्रोतविद् डा. द्वारिकानाथ ढुङ्गेलले वर्तमान सरकारको सात महिनाको कार्यसम्पादनलाई 'पास अंक' सम्म दिन सकिने भए पनि कार्यशैलीमा भने गम्भीर कमजोरी र 'ढङ्ग नपुगेको' टिप्पणी गरेका छन् । एक टेलिभिजनको कार्यक्रम यक्ष प्रश्नमा कुराकानी गर्दै पूर्वसचिव डा. ढुङ्गेलले सरकारको नियत र भ्रष्टाचारविरोधी छविका केही सकारात्मक पक्ष भए पनि प्रशासनिक सञ्चालन र परराष्ट्र मामिलामा भद्रगोल देखिएको बताएका हुन् ।

सरकारको सात महिनाको मूल्यांकनबारे सोधिएको प्रश्नमा ढुङ्गेलले भने-

'अहिले नम्बरै दिएर त म जान्नैं, किनभने म सोसल साइन्सको विद्यार्थी हुँ । तर वेट एन्ड सीको दृष्टिकोणले हेर्दा पाससम्म दिन सक्छु होला । तर के हुन्छ भने ढङ्ग चाहिँ पुगेको देख्दिनँ म ।'

सरकारका सकारात्मक पक्षहरूको चर्चा गर्दै उनले विगतका सरकार जस्तो अनावश्यक भाषणबाजी, उद्घाटन र भीडभाड नदेखिनु राम्रो भएको उल्लेख गरे । बालुवाटार र सिंहदरबारमा हुने अनाहक खर्च रोकिएको जनाउँदै उनले भने-

'यिनीहरु हिजोका जस्तो बढी बोल्ने काम नगरेका, भाषण नगरेका, उद्घाटनमा वाक्क आउने गरी अनुहार देखाउँदै हिँडेका छैनन् । बालुवाटारमा हिजो लाखौंको खर्च हुन्थ्यो, भीडभाड हुन्थ्यो, अहिले भीड छैन । भ्रष्टाचारको गन्ध अहिलेसम्म नआएको छ, कन्तीमा प्रमाण नहुन्जेल मलाई गन्ध आएको जस्तो लाग्दैन ।'

यद्यपि मन्त्रीहरु आफैं फिल्डमा खटिएर काम गरेको देखाउने होडबाजीप्रति उनले असन्तुष्टि व्यक्त गरे । कमान्ड पोस्टमा बसेर व्यवस्थापन गर्नुपर्ने नेतृत्व सामाजिक सञ्जालमा भाइरल हुन खोज्नु गलत भएको औंल्याउँदै ढुङ्गेलले भने-

'कमान्डरले कमान्ड गर्छ । फिल्डमा गइहाल्ने, देखाइहाल्ने र सामाजिक सञ्जालमा हालिहाल्ने कुरा विचारणीय कुरा हो । त्यो गएर बोकेर हिँडेर सामाजिक सञ्जालमा भाइरल गराउने काम राम्रो मार्निदैन, ह्याट्स नट द वे । गृहमन्त्री त कमान्ड पोस्टमा बसेर कमान्ड गर्नुपर्छ ।'

प्रशासन संयन्त्रलाई व्यवस्थित गर्नुको सट्टा सल्लाहकारहरूको भर पर्दा निजामती कर्मचारीहरु त्रसित बनेको उनको दाबी छ । कर्मचारी प्रशासनबारे धारणा राख्दै उनले भने-

'१२८ जना सल्लाहकारहरूको राज्य छ भन्छन् सिंहदरबारमा । यी सल्लाहकार एकाउन्टेबल हुन्छन्? यिनीहरु संसद्प्रति जिम्मेवार हुन्छन्? हामीले त सल्लाहकारको आतंक हिजोका दिनमा बेहोरिसक्या छौं । निजामती कर्मचारीहरूलाई एक प्रकारको अचानोको स्थितिमा राखिएको छ । ३० वर्ष र ५५ वर्षको कुराले गर्दा आज जाने हो कि भोलि जाने हो भन्ने अन्योलले कसरी मोटिभेसनमा काम हुन्छ?'

यसैगरी प्रहरी प्रशासनमा राजनीतिक हस्तक्षेप पुरानै रोग भएको स्मरण गराउँदै उनले आईजिपी हटाउने विषयमा पारदर्शिता नदेखिएको बताए । उनले भने-

'यदि गलत नै छ भने सस्पेन्ड गर्नुस् । उसले काम गर्न सकेको छैन, शंका छ भने फेरि किन सुरक्षा सल्लाहकारमा लगेको? हटाउनुको कारण प्रस्ट जनतालाई भन्नुपर्छ । राष्ट्रको सुरक्षा, अखण्डता र सार्वभौमिकतामा खलल पुग्ने विषय भए संसद्को समितिमा क्लोज-डोर मिटिङमा बताउनुपर्‍यो ।'

प्रधानमन्त्रीको आसन्न भारत भ्रमण र परराष्ट्र नीतिका सन्दर्भमा सुझाव दिँदै पूर्वसचिव ढुङ्गेलले व्यक्तिगत स्वार्थ त्यागेर राष्ट्रिय हितमा दृढ रहन आग्रह गरे । उनले भने-

'पहिलो सुझाव- तपाईंले भारतमा गएर अरूले जस्तो व्यक्तिगत, आ नो जिल्ला र आ नो परिवारको लागि केही पनि नमाग्नुस् । दोस्रो- पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको रूटको लागि लाग्नुस् । र तेस्रो- भारतलाई हाम्रो बिजुली होइन, पानी चाहिएको छ । अबको लडाईं पानीमै हुन्छ । त्यसैले जलासययुक्त आयोजनाहरूमा हतार गरेर सही नगर्दिनुस् । महाकालीको मुहान र कालापानीको विषय टुङ्गयाउन दुई पक्षीय वार्तामा जोड दिनुस् ।'

सुनको मूल्य ३५०० डलर सम्म झर्न सक्ने



दमक । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा पुनः गिरावट सुरू भएको भन्दै विश्लेषकले प्रतिऔंस ३ हजार ५०० डलरसम्म झर्न सक्ने अनुमान गरेका छन् । पछिल्लो मूल्य प्रवृत्ति सन् २०१३ मा देखिएको गिरावटसँग मिल्दोजुल्दो रहेको र सुधारको चरण समाप्त भएको उनीहरूको विश्लेषण छ ।

डिसेम्बर महिनाको सुनको ^ यूचर्स कारोबार प्रतिऔंस ३ हजार ९०० डलर आसपास भइरहेको छ । बिहीबार कारोबारका क्रममा मूल्य ३ हजार ८८७.७० डलरसम्म झरेको थियो । चाँदीको ^ यूचर्स प्रतिऔंस ५०.४० डलर आसपास रहँदा अमेरिकी डलर सूचकांकको ^ यूचर्स १०३ अंक पुगेको छ, जुन सन् २०२६ कै उच्च विन्दु हो ।

गोल्ड प्राइस फोरकास्टमा प्रकाशित सीएफए राडोम्स्कीको विश्लेषणअनुसार नोभेम्बरको सुरूवातमा देखिएको सुनको मूल्यवृद्धि अब समाप्त भएको छ । बुधबार सुनको मूल्य ४ हजार ७४.७० डलरसम्म पुगे पनि घटेर ४ हजार ०००.५० डलरमा बन्द भएको थियो । त्यसपछि मूल्य पुनः ओरालो लागेको छ ।

विश्लेषकले अहिलेको अवस्थालाई सन् २०१३ को फेब्रुअरी-मार्चमा देखिएको मूल्य सुधारसँग तुलना गरेका छन् । त्यसबेला फेब्रुअरी २९ मा १ हजार ५५५.०६ डलर रहेको सुनको मूल्य मार्च २१ मा बढेर १ हजार ६१६.४७ डलर पुगेको थियो । तर त्यसपछि पुनः तीव्र गिरावट सुरू भई अप्रिल १६ मा १ हजार ३२१.५४ डलरमा झरेको थियो ।

यस वर्ष पनि अगस्ट २५ को उच्च विन्दुपछि सुनको मूल्यमा उतारचढावसहित गिरावट देखिएको थियो । अक्टोबर ३० मा ३ हजार ८७९.३० डलर पुगेको मूल्य नोभेम्बर ९ मा बढेर ४ हजार ११७.७० डलर पुगेको थियो । अहिले पुनः घट्न थालेको छ ।

विश्लेषणमा अमेरिकी डलरको मजबुतीलाई सुनको मूल्य घट्नुको अर्को कारण मानिएको छ । ब्याजदर बढ्ने अपेक्षा, अमेरिकी ट्रेजरी प्रतिफलमा वृद्धि र कडा मौद्रिक नीतिको सम्भावनाले डलरलाई बलियो बनाएको उल्लेख छ । बलियो डलरले सामान्यतः सुनको मूल्यमा दबाब सिर्जना गर्छ ।

युद्धको जोखिम बढ्दासमेत सुनको मूल्यमा उल्लेख्य वृद्धि नदेखिनुलाई पनि विश्लेषकले बजार कमजोर रहेको संकेतका रूपमा व्याख्या गरेका छन् ।

पानायोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडिदेखि लगाईहुदाको रोचाना
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्भो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै चर्चा अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३१/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,67,700/
चाँदी बिक्री दर 3505/-
हिजोको सुनचाँदीको दरभाउ
मिति : २०८३ मंसिर १
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पोरणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहानाहरु बनाउनुका साथै शुरुप मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित सेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८१४९९३३१५ (9815996315)

मेची-महाकाली पदयात्रामा निस्किए डा. सिंह



झापा । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंह जनताको समस्या र गुनासा सुन्न दुई महिने मेची-महाकाली पदयात्राका लागि मेची प्रस्थान गरेका छन् ।

जात, धर्म, वर्ग र भूगोलका नाममा हुने विभाजन अन्त्य गर्दै राष्ट्रिय एकता मजबुत बनाउने र जनताको वास्तविक समस्या बुझ्ने उद्देश्यले पदयात्रा गर्न लागेको उनले बताएका छन् ।

सोमबार जनकपुरधामा आयोजित कार्यक्रममा सिंहले मंगलबार बिहान मेचीको किनारबाट सुरू हुने पदयात्रा आगामी माघ १ गते मकर सङ्क्रान्तिका दिन महाकालीको किनारमा पुगेर समापन हुने जानकारी दिए ।

उनले पदयात्रालाई देश र समाज जोड्ने अभियानका रूपमा व्याख्या गरे । जात, धर्म, पहाड-मधेस तथा वर्ग र समुदायका नाममा समाजमा द्वन्द्व हुन नहुने भन्दै सबै नेपालीलाई एकताको सूत्रमा बाँध्नुपर्ने उनको भनाइ छ ।

समाज

मृत भेटिएका यशुको शव परिवारले बुझे

दमक । झापाको कनकाइमा मृत भेटिएका ४३ वर्षीय यशु खतिवडा भनेर चिनिने योगेन्द्र खतिवडाको शव परिवारले बुझेका छन् ।

आइतबार कनकाई नगरपालिका वडा नम्बर-३ स्थित आ ै नै घरको दोस्रो तलामा जनी झुन्डिएको अवस्थामा भेटिएका थिए । भद्रपुर अस्पतालमा पोस्टमार्टम गरेर उनको शव परिवारलाई हस्तान्तरण गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी सन्तोष पाठकले रातोपाटीलाई बताए ।

कनकाईमा फोटो स्टुडियो सञ्चालन गर्दै आएका ४३ वर्षीय खतिवडासँग काठमाडौंमा थुनामा रहेका इनम सापकोटाको 'कनेक्सन' रहेको भन्ने विवरणहरु सामाजिक सञ्जालमा सार्वजनिक भएका छन् । तर, प्रहरीको अनुसन्धानबाट अहिलेसम्म त्यसबारे पुष्टि भएको छैन । झापापी एसपी बसुन्धरा खड्काले त्यसबारे पुष्टि हुने विवरणहरु फेला नपरेको बताइन् ।

प्रहरीले यशुको मोबाइल सोमबार बिहान उनको घरबाट बरामद गरेको छ । यसअघि मोबाइल फेला परेको थिएन । मोबाइल परीक्षणका लागि प्रहरी हेडक्वार्टरको फरेन्सिक ल्याबमा पठाइने डीएसपी पाठकले जानकारी दिए । यशुले सामाजिक सञ्जाल फेसबुकमा 'इनम सापकोटाको नामबाट आएको म्यासेज आ ैनो परिवार र निर्दोष बुवालाई फसाउन कसैले रचेको नाटक भनेका छन् ।

मृत्यु रोज्नुअघि उनले सामाजिक सञ्जालमा आ ैनो गल्तीको सजाय परिवारलाई नदिन आग्रह गर्दै पोस्ट गरेको भेटिएको छ । प्रहरीले सामाजिक सञ्जालमा उनले पोस्ट गरेको विषयमा पनि अनुसन्धान गरिरहेको छ ।

भारतीय नागरिकसहित सात जुवाडे पक्राउ

उर्लाबारी । मोरङको रतुवामाई नगरपालिका-७ स्थित एक सुनसान घरमा तास खेलिरहेको अवस्थामा प्रहरीले भारतीइसहित ७ जनालाई पक्राउ गरेको छ । उनीहरूको साथबाट नेपाली र भारतीय मुद्रा, चारवटा मोटरसाइकल, सातवटा मोबाइल र तीन बुङ तास बरामद भएको छ ।

स्थानीय दिनेश सुतिहारको खाली घरमा नियमित रूपमा जुवातास खेल्ने जमघट हुने गरेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय सिजुवाको टोलीले सोमबार बिहान करिब साढे ३ बजे छापा मारेको थियो । प्रहरी निरीक्षक कैलास लिम्बूको नेतृत्वमा खटिएको टोलीले कपर सुख्खा बोका टोलस्थित उक्त घरबाट उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रतुवामाई नगरपालिका-२ का ३३ वर्षीय अरूणकुमार गनगाई, ३२ वर्षीय उपेन्द्रप्रसाद गनगाई र वडा नम्बर ७ का ४६ वर्षीय कपिल साह छन्। भारतको किशनगन्ज जिल्लाअन्तर्गत पक्खली पञ्चायत डुमरिया-४ का ३५ वर्षीय अजय सोनार, ३० वर्षीय सुरज शाह, २८ वर्षीय राजु सोनार र डुमरिया-७ का २२ वर्षीय सुरज मण्डल पनि पक्राउ परेका छन् ।

मोरङ प्रहरी प्रमुख एसपी कविता कटवालका अनुसार घटनास्थलबाट नेपाली रूपैयाँ १५ हजार ७०० र भारतीय रूपैयाँ १९ हजार ५२० बरामद भएको छ । दुवै देशको मुद्रा नेपाली रूपैयाँमा रूपान्तरण गर्दा कुल ३५ हजार २२० रूपैयाँ बराबर हुने प्रहरीले जनाएको छ ।

प्रहरीले जुवाखालमा प्रयोग भएका चारवटा मोटरसाइकल पनि नियन्त्रणमा लिएको छ । तीमध्ये अरूणकुमार गनगाईको भारतीय नम्बर प्लेट बीआर ३८ एआर ३२१३२, सुरज शाहको को १-०१-०१८ प १६४०, कपिल साहको को १-०२-०५३ प ८७६६ र राजु सोनारको भारतीय नम्बर प्लेट बीआर ३७ एएल ४८९४ नम्बरका मोटरसाइकल छन् ।

पक्राउ परेका सातै जनालाई इलाका प्रहरी कार्यालय सिजुवामा राखिएको छ । उनीहरूमाथि जुवातासस्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको एसपी कटवालले बताइन् ।

५ करोड २५ लाखको फेलोसिप



दमक/ नेपाली अनुसन्धानकर्ता डा. रोजी प्रधान श्रेष्ठले ५ करोड २५ लाख रूपैयाँभन्दा बढीको प्रतिष्ठित ब्रिटिश एकेडेमी अन्तर्राष्ट्रिय अनुसन्धान फेलोसिप २०२६ प्राप्त गरेकी छन् । कोशी प्रदेशबाट यति ठूलो राशिको अन्तर्राष्ट्रिय अनुसन्धान फेलोसिप प्राप्त गर्ने उनी पहिलो महिला भएको जनाइएको छ ।

बेलायतको लफबरो विश्वविद्यालयमा सञ्चालन हुने दुईवर्षे अनुसन्धान परियोजनाका लागि उनलाई २ लाख ५५ हजार ८८४ दशमलव ७३ बेलायती पाउन्ड अनुदान स्वीकृत भएको हो । यससँगै उनी उक्त प्रतिष्ठित अध्येतावृत्ति प्राप्त गर्ने पहिलो नेपाली अनुसन्धानकर्ता बनेकी छन् ।

विराटनगर-२ माइती भएकी डा. प्रधानले सन् २०२६ डिसेम्बरदेखि २०२८ नोभेम्बरसम्म बेलायतमै रहेर प्रमुख अनुसन्धानकर्ताका रूपमा परियोजनाको नेतृत्व गर्नेछिन् । उनले यो उपलब्धि आ ैनो व्यक्तिगत सफलता मात्र नभई देशकै लागि गौरवको विषय भएको बताएकी छन् ।

'सीमान्तकृत वर्गमा ऊर्जा संकट : बेलायतको शून्य कार्बन उत्सर्जन अभियानमा उमेर, लैङ्गिकता र आप्रवासनको बहुआयामिक दृष्टिकोण' शीर्षकमा उनको अनुसन्धान केन्द्रित हुनेछ । परियोजनाले बेलायतको शून्य कार्बन उत्सर्जनतर्फको ऊर्जा रूपान्तरणले सीमान्तकृत समुदायमा पार्ने प्रभाव अध्ययन गर्नेछ ।

विशेषगरी उमेर, लैङ्गिकता र आप्रवासनका कारण ऊर्जा पहुँच तथा उपयोगमा देखिने असमानता र त्यसको सामाजिक प्रभाव अनुसन्धानको मुख्य विषय हुनेछ । मुख्यधारका ऊर्जा तथा जलवायु नीतिमा पर्याप्त प्रतिनिधित्व नपाएका समुदायको अनुभव र आवश्यकतालाई नीतिमा कसरी समेट्न सकिन्छ भन्ने विषयसमेत अध्ययन गरिनेछ ।

डा. प्रधानका अनुसार जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालका सवाललाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउने अवसर पनि यस अनुसन्धानले प्रदान गर्नेछ । अनुसन्धानबाट प्राप्त ज्ञान र निष्कर्षले नेपाललगायत विकासोन्मुख देशमा ऊर्जा गरिबी न्यूनीकरण, सामाजिक समावेशिता र न्यायपूर्ण ऊर्जा रूपान्तरणसम्बन्धी नीतिगत बहसमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

ब्रिटिश एकेडेमी बेलायतको मानविकी तथा सामाजिक विज्ञान क्षेत्रको राष्ट्रिय शैक्षिक संस्था हो । सन् १९०२ मा स्थापना भएको यस संस्थाले अनुसन्धान, प्राज्ञिक उत्कृष्टता र अन्तर्राष्ट्रिय शैक्षिक सहकार्यमा काम गर्दै आएको छ । फेलोसिपसँगै डा. प्रधानले बेलायतको 'ग्लोबल ट्यालेन्ट भिसा' समेत प्राप्त गरेकी छन् ।

पूर्वाञ्चल विश्वविद्यालयबाट स्नातकोत्तरमा स्वर्णपदक प्राप्त गरेकी उनले सन् २०२३ मा थाइल्यान्डको प्रिन्स अफ सोङ्ला विश्वविद्यालयबाट दिगो ऊर्जा व्यवस्थापनमा विद्यावारिधि गरेकी हुन् । उनले सन् २०२५ मा युरोपेली आयोगको 'होराइजन युरोप' कार्यक्रमअन्तर्गत 'मेरी स्क्लोडोस्का क्युरी पोस्टडक्टोरल फेलोसिप सिल अफ एक्सिलेन्स'समेत प्राप्त गरेकी थिइन् ।

ऊर्जा गरिबी, लैङ्गिक समानता, समावेशी ऊर्जा रूपान्तरण र दिगो विकास उनका अनुसन्धानका प्रमुख क्षेत्र हुन् । उनका अनुसन्धानमूलक लेख अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित छन् । उनले यूएनडीपी, एसियाली विकास बैंक, एनर्जिया, एसएनभी नेपाललगायत संस्थासँग सम्बन्धित अनुसन्धान तथा परामर्श कार्यमा पनि योगदान पुऱ्याएकी छन् ।

स्वास्थ्य

ओखलढुंगामा "मेडिकल कलेज"को माग गर्दै आमरण अनशनमा



दमक / ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-७ मा प्रादेशिक अस्पताल तथा मेडिकल कलेज स्थापना गर्न माग गर्दै स्थानीय बासिन्दाले विराटनगरस्थित कोशी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आमरण अनशन सुरू गर्ने भएका छन् ।

अस्पताल तथा मेडिकल कलेज स्थापनाका लागि स्थानीयले निःशुल्क उपलब्ध गराएको १६७ रोपनी जग्गा लामो समयदेखि उपयोगविहीन रहेको भन्दै उनीहरूले सोमबारदेखि अनशन बस्ने घोषणा गरेका हुन् ।

स्थानीयका अनुसार अस्पताल र मेडिकल कलेज निर्माणका लागि जग्गा उपलब्ध गराए पनि सरकारले अहिलेसम्म आयोजना अघि बढाएको छैन । यस विषयमा पटकपटक सम्बन्धित निकायमा पहल गर्दा पनि सुनुवाइ नभएपछि दबाब दिन आमरण अनशनको निर्णय गरिएको उनीहरूको भनाइ छ ।

स्थानीयले आ ैनो मागप्रति प्रदेश सरकारको ध्यानाकर्षण गराउन अनशन बस्न लागेको जनाउँदै सञ्चारकर्मीलाई उपस्थित भएर समाचार सम्प्रेषणमा सहयोग गर्न आग्रह गरेका छन् ।

प्रादेशिक अस्पताल तथा मेडिकल कलेज स्थापना भए ओखलढुंगा र आसपासका जिल्लाका बासिन्दाले सहज रूपमा स्वास्थ्य सेवा पाउने तथा चिकित्सा शिक्षा अध्ययनको अवसरसमेत प्राप्त गर्ने स्थानीयको अपेक्षा छ ।

दैनिक राशिफल



आज मिति २०८३ साल मंसिर २ गते बुधबार
18 Nov. 2026
तिथि: नवमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : दमकपस नोड, सगरमाथा आंचल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८९७००५१६५

मेष चु चे लो ला लि लँ ले लो अ
यात्राको योग परेको छ । कार्यमा बाधा पर्न सक्छ ।

वृष इ उ ए ओ वा वि वु वे वो
व्यापारबाट लाभ । मान्यजनसँग मनमुटाव ।

मिथुन का कि कु घ ङ घु के को हा
मनमा अशान्ति हुने । कार्यमा सफलता ।

कर्कट चु चे लो ला लि लँ ले लो अ
सामान्य आय । स्वास्थ्यमा सामान्य समस्या ।

सिंह मा मि मु मे मो टा टि टु टे
व्यापारबाट फाइदा हुने । हड्डीमा समस्या देखिने ।

कन्या टो प पी पै ष ण ठ पे पो
धेरै मात्रामा आय बढ्ने । व्यापारबाट फाइदा ।

तुला हि इ हे हो डा डि डु डे डो
सन्तानसँग विवाद । अंग्रेजी एवं विज्ञानमा रुचि ।

वृश्चिक तो ना नि नँ ने नो या यि यु
मित्रबाट सहयोग । घरायसी समस्या ।

धनु य यो भा भी भ धा फा ढ भे
कार्यमा सफलता । हिम्मत बढेर आउने ।

मकर भो जा जी खि खु खे खो गा गी
सुङ्गामा केही समस्या । शिक्षामा रुचि ।

कुम्भ गँ गे गो सा सी सँ से सो द
मातापिताबाट केही लाभ । ठाउकोमा केही समस्या ।

मीन दि दु थ झ ञ ज दे दो चा ची
कार्यमा बाधा । खर्च बढ्ने ।

हातीको त्रास कायमै:

किसानको धान काट्न प्रहरी र जनप्रतिनिधि

झापा/ भारतबाट हुल बाधेर आउने जंगली हात्तीको बथानले पाकेको धानबालीमा निरन्तर क्षति पुऱ्याउन थालेपछि किसानको बाली बेलैमा भित्र्याउनका लागि प्रहरी र जनप्रतिनिधिसहितको टोलीको सहायता लिनु परेको छ । आइतबार पहिलो दिन ३० जना सुरक्षाकर्मी र जनप्रतिनिधिको टोलीले खेतमा पुगेर किसानलाई धान काट्न सघाएको मेचीनगर ४ बाहुण्डाँगीमा प्रहरी र जनप्रतिनिधि मिलेर कृषकको धान थन्काउन थालेका छन् ।

१४ जना सशस्त्र प्रहरी, ६ जना नेपाल प्रहरीले दिनभरी धान काटेका हुन् । २० जना सुरक्षाकर्मी, जनप्रतिनिधि, मानव-हात्ती द्वन्द्व व्यवस्थापन समितिका सदस्य, आरआरटी टोली र स्थानीय किसान गरी ३० जनाले मिलेर दिनभरि करिब ३ बिघा खेतको धान



काटेका छन् । स्थानीय कृषक खेमनारायण घिमिरेको करिब ३ बिघा खेतको धान सबैले मिलेर काटिएको वडा नम्बर ४ का अध्यक्ष अर्जुनकुमार कार्कील बताए ।

हात्तीको बथानबाट जोगाउनका लागि छिटोभन्दा छिटो खेतको धान भित्राउन सामूहिक रूपमा धान काटेर सहयोग गर्ने क्रम अन्य दिनमा समेत निरन्तर चल्ने वडाअध्यक्ष कार्कीले बताउनुभयो । हात्तीको बथानले पाकेको बाली खाइदिने र कुल्पिएर नष्ट गर्ने हुदा कृषकहरू समस्यामा पर्ने गरेका थिए ।

धान काट्न खटिएका सुरक्षाकर्मी तथा सहयोगीलाई वडा कार्यालयका तर्फबाट खेतमै पुगेर खादा लगाई सम्मान तथा धन्यवादसमेत व्यक्त गरिएको छ ।

झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले सुरक्षा निकायको जिम्मेवारी शान्ति सुरक्षा कायम गर्ने, सीमा सुरक्षा, चोरी-तस्करी तथा अपराध नियन्त्रणमा मात्र सीमित नहुने र नागरिकलाई विपद् र संकट परेको समयमा उनीहरूको दुःखमा साथ दिनु सुरक्षाकर्मीको दायित्व भएको बताउनुभयो । यता शिवसताक्षी नगरपालिका ११ का कृषक सरोज भट्टराईको १० कट्ठा जमिनको पाकेको धानबाली कुल्चेर नष्ट गरेको छ । भारतबाट नेपालतर्फ हात्तीको आवागमन बढ्ने समयमा बाहुण्डाँगीका किसानलाई पाकेको बाली जोगाउनु चुनौतीपूर्ण बनेको छ । हात्तीको बथान खेतमा पस्ने डरले किसान रातभर पाकेको कुर्न जाग्राम बस्दै आएका छन् ।

स्थानीय.....

सम्बन्धी मतभेद तथा कम्युनिस्ट घटकहरूबीचको राजनीतिक प्रतिस्पर्धाले स्थानीय निर्वाचनको वातावरणलाई थप जटिल बनाउन सक्छ । एमालेभित्र नेतृत्व र पार्टीको कार्यदिशाबारे बहस भइरहेका बेला पार्टीले निर्वाचन केन्द्रित गतिविधि अघि बढाएको छ । कांग्रेसको आन्तरिक विवाद र महाधिवेशनसम्बन्धी प्रक्रियामा पनि विवाद कायमै रहेको सार्वजनिक विवरण आएका छन् । यस्ता आन्तरिक समीकरणले उम्मेदवार छनोट र स्थानीय तहको चुनावी रणनीतिमा प्रभाव पार्न सक्छन् । तर त्यसकै आधारमा कुनै दलको चुनावी परिणामबारे निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन ।

निष्पक्ष निर्वाचनका लागि जनप्रतिनिधिको कार्यकाल कानुनले तोकेको सीमाभित्र रहनु, निर्वाचनअधि सरकारी स्रोतसाधनको दुरुपयोग रोक्नु र प्रशासनिक संयन्त्रलाई दलगत प्रभावबाट मुक्त राख्नु आवश्यक छ । निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन, सार्वजनिक खर्चको नियमित अनुगमन, ठेक्का तथा योजनाको विवरण सार्वजनिक गर्ने व्यवस्था र लाभग्राही छनोटमा पारदर्शिताले सम्भावित दुरुपयोग नियन्त्रण गर्न सक्छ ।

अन्ततः स्थानीय निर्वाचन केवल नयाँ प्रतिनिधि छान्ने प्रक्रिया होइन, स्थानीय सरकारको पाँच वर्षे कार्यसम्पादनको परीक्षण पनि हो । जनप्रतिनिधिले आ–आफ्नो कार्यकालमा गरेका कामको जवाफ मतदातासमक्ष दिनुपर्छ; तर सरकारी बजेट, पद र प्रशासनिक शक्तिलाई चुनावी लाभका लागि प्रयोग गर्ने छुट कसैलाई हुनु हुँदैन । समग्रमै निर्वाचन र निष्पक्ष प्रतिस्पर्धाका लागि सरकार, निर्वाचन आयोग, राजनीतिक दल तथा स्थानीय प्रशासन सबैले समान मापदण्ड पालना गर्नु अहिलेको मुख्य आवश्यकता हो ।

संगठन सुदृढीकरणमा राप्रपा

दमक/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कोशी प्रदेश कार्यसमितिको दोस्रो अधिवेशनपछिका पहिलो बैठक विराटनगरस्थित सप्तकोशी पार्टी प्यालेसमा सम्पन्न भएको छ ।

प्रदेश कार्यसमितिका अध्यक्ष रामकुमार थापाको अध्यक्षतामा बसेको बैठकमा कोशी प्रदेशका १४ वटै जिल्लाका अध्यक्ष, प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

बैठकमा आगामी केन्द्रीय महाधिवेशनलाई ऐतिहासिक रूपमा सफल बनाउने, बडा तहदेखि प्रदेश तहसम्म पार्टी संगठनलाई सुदृढ, व्यवस्थित र क्रियाशील बनाउने तथा आगामी स्थानीय तहको निर्वाचनमा राप्रपालाई सशक्त राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने विषयमा गहन छलफल भएको थियो ।

बैठकले आगामी राजनीतिक कार्यदिशा, संगठन विस्तार, कार्यकर्ता परिचालन तथा भावी कार्यक्रमसम्बन्धी प्रस्तुत एजेण्डाहरू उत्साहपूर्वक पारित गरेको जनाइएको छ ।

संस्थाको नाममा रहेको गैर बैंकिङ सम्पत्ति (घर जग्गा) बिक्री गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३।०८।०२ गते बुधबार

यस संस्थाको मिति २०८३ मङ्सिर १ गतेको २९४ औं सञ्चालक समिति बैठकको निर्णय अनुसार संस्थाको नाममा रहेको गैर बैंकिङ सम्पत्तिको रुपमा रहेको तपशील बमोजिमको घरजग्गा जे जस्तो अवस्थामा छ। सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित घरजग्गा खरिद गरी लिन इच्छुकले आजका मितिले १५ दिनभित्रमा संस्थाद्वारा तोकिएको बोलपत्र फाराम भरी पेश गर्न हुन सूचित गरिन्छ।

जग्गाको विवरण

जग्गाको ठेगाना : राजघाट-७ (ग), हाल उर्लाबारी नपा-८
कि.नं.: ७५८ र ८००, क्षेत्रफल : ०-४-४-०, ०-४-३-०
न्युनतम मूल्य : कच्ची घरको समेत रु. ५०,००,०००।
(पचास लाख मात्र)

शर्तहरु

१. रु. १०० तिरेर बोलपत्र फाराम खरिद गर्नुपर्ने छ।
२. जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्नुपर्ने छ।
३) कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको बैंक खातामा र बाँकी रकम बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र संस्थामा बुझाइसक्नु पर्नेछ।
४) नियम अनुसार लाग्ने रजिस्ट्रेशन शुल्क खरिदकर्तालें नै व्यहोर्नु पर्नेछ।
५) बोलपत्र फाराम बुझाइसक्नुपर्ने मितिः २०८३।०८।१६ गते दिउँसो १२ बजेसम्म।
६) लिलाम सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ।
७) बोलपत्र खोल्ने मिति, समय र स्थान निम्नानुसार छ :
मिति : २०८३ मङ्सिर १६ गते बुधबार
समय : दिउँसो १ बजे
स्थान : संस्थाको कार्यालय, दमक-६, झापा
नोट : सार्वजनिक विदा परे सोको भोलिपल्ट सोही समय र स्थानमा खोलिने छ।

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
दमक-६, झापा (फोन: ०२३-५७५४०१/५७५६०१)

सताक्षीधाममा कोटी हवनको भूमिपूजन सुनको हलोले गरिने

झापा/ झापाको शिवसताक्षीस्थित धार्मिक तथा पौराणिक महत्व बोकेको सताक्षीधाममा आयोजना हुने सतकुण्डीय गायत्री कोटी हवनको भूमिपूजन सुनको हलोले गरिने भएको छ ।

गोलोक गोवर्धन गौशालाको आयोजनामा आगामी २०८३ माघ ९ गतेदेखि सञ्चालन हुने कोटी हवनको मुख्य हवन कुण्ड सुनको हलोले खनेर भूमिपूजन गर्न लागिएको हो।

४२ वर्षअघि अर्थात् २०४२ सालमा राष्ट्रगुरु योगी नरहरिनाथको अगुवाइमा झापाको कनकाईधाम (कोटीहोम) मा बृहत् कोटीहोम महायज्ञ आयोजना गरिएको थियो। त्यसबेला एक करोड गायत्री मन्त्रद्वारा होम गरिएको थियो। त्यसको ४२ वर्षपछि झापामा दोस्रोपटक कोटी हवन आयोजना हुन लागेको आयोजकको भनाइ छ ।

यस ऐतिहासिक धार्मिक अनुष्ठानको भूमिपूजन मङ्सिर ५ गते बिहान ११ बजे विश्वका विभिन्न देशबाट आउने सन्त महात्माको उपस्थितिमा गरिने गोलोक गोवर्धन गौशालाका संस्थाकसमेत रहेका अध्यक्ष आचार्य नन्दकिशोरजी महाराजले जानकारी दिए। उनका अनुसार अमेरिका, क्यानडा, अस्ट्रेलिया, भारत, भुटान र नेपालका धार्मिक गुरुहरुको सहभागिता रहनेछ। कोटी हवनको तयारी तथा व्यवस्थापनका विषयमा मङ्गलबार गौशाला परिसरमा आयोजित विद्वत् वर्गको भेलामा विगतका धार्मिक अनुष्ठानको समीक्षा गर्दै राम्रा अभ्यासलाई निरन्तरता दिने र कमजोरी सुधारेर अघि बढ्नुपर्नेमा सहभागीले जोड दिएका थिए । धाममा २७२ सालमा गोलोक गोवर्धन गौशाला स्थापना भएको हो। गौशालामा हाल २ हजार ५०० भन्दा बढी गाईको संरक्षण भइरहेको छ । गौशाला स्थापनापछि धाम परिसरमा दर्जनौं मठमन्दिर, देवालय, अतिथि गृह, सुविधासम्पन्न गौशाला, रामदरबार, द्वादश ज्योतिर्लिङ्गलगायतका धार्मिक संरचना निर्माण भएका छन्।

कर.....

नायब सुब्बा प्रदीप बराल पुरस्कृत भएका छन् । कर प्रशासनमा उल्लेखनीय एवं प्रशंसनीय कार्यसम्पादन गरेको भन्दै सम्मानित भएका हुन् । राष्ट्रिय कर दिवस २०८३ को अवसरमा अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागले मंगलवार आयोजना गरेको कर सप्ताह उद्घाटनमा बरालेलाई नगद पुरस्कार सहित प्रशंसापत्र प्रदान गरिएको थियो । यसैबिच आन्तरिक राजस्व विभागले मंगलवार राष्ट्रिय कर दिवसको अवसरमा १९ व्यक्ति तथा कम्पनीलाई सम्मान गरेको हो । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सम्मानित हुनेलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरे ।

बढी आयकर दाखिल गरेर सम्मानित हुनेमा सूर्य नेपाल प्राले रहेको छ । त्यसैगरी एकलौटी फर्महरूमध्ये थर्ड आई रहेको छ । वस्तु निर्यातको कारोबारतर्फ डाबर नेपाल, सूचना प्रविधिसम्बन्धी सेवातर्फ इन्फाइनाइट स ट्वेयर सर्भिस प्राले सम्मानित भएको छ ।

त्यसैगरी कृषि एवं पशुपक्षीजन्यमा ओसिबी एण्ड फुड्स फिड्स प्राले रहेका छन् । यस्तै बैकिङ् क्षेत्रमा कारोबार गर्नेमा नबिल बैंक, स्वास्थ्य तथा शैक्षिकतर्फ नोबेल मेडिकल कलेज टिचिङ हस्पिटल, पर्यटन व्यवसायतर्फ सोल्टी होटल, वस्तु व्यापारको कारोबारमा सिजी इम्पेक्स प्राले रहेको छ ।

यस्तै ५० करोडभन्दा बढी १०० करोडसम्म कारोबार गर्नेमा फुड एण्ड बिभरेज टेक्नोलोजी रहेको छ । ऊर्जा उद्योगतर्फ भोटेको हाईड्रोपावर, रेमिटेन्स तथा मनी ट्रान्सफर तर्फ आईएमई लिमिटेड रहेको छ । यस्तै व्यक्तिगत आयमा सबैभन्दा धेरै कर तिर्नेमा राजबहादुर शाह रहेका छन् ।

विसं २०७७ देखि २०८३ सम्म बढी मूल्य अभिवृद्धि कर तिर्नेमा हिमालयन डिष्टिलरी लिमिटेड रहेको छ । ५० करोडसम्म वार्षिक कारोबार गर्ने करदातामा इम्पेरियल सेक्युरिटिज, विशेष उद्योगहरूमध्ये वरुण विभरेज, जीवन बीमा क्षेत्रमा संस्थामा लाइफ इन्स्योरेन्स कर्पोरेशन, निर्जीवनमा सिद्धार्थ प्रिमियर र लघुवित्त क्षेत्रमा छिमेक लघुवित्त रहेको छ । सोही अवसरमा मुलुकको राजस्वमा उच्च योगदान दिने भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोरलाई विशेष सम्मान गरिएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
धजाटमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरू:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भरतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

चिसो बढ्न थालेपछि भेडी गोठहरू औल झर्न थाले

दमक/ उच्च हिमाली क्षेत्र लेक अथवा खर्कमा चिसो बढेपछि बर्सेनि भेडी गोठ बेसी अर्थात् औल झार्ने गरिन्छ । गोठालाहरूले असोज अन्तिम सातादेखि चैत्रसम्म औलमा भेडी गोठ राख्ने गर्दछन् । हिमाली क्षेत्रमा बाक्लो हिमपात पर्ने भएकाले भेडा औल नझारे मर्ने गरेको गुरुङको भनाइ छ ।

पूर्वी पहाडी तथा हिमाली जिल्ला संखुवासभाको उच्च हिमाली क्षेत्र तथा खर्कमा रहेका भेडी गोठहरु चिसो बढ्न थालेपछि औल झर्न थालेका छन् ।

हिमाली क्षेत्रमा चिसोसँगै हिमपात झर्न थालेपछि न्यानोको खोजी गर्दै भेडी गोठ औल झर्न थालेका हुन् । हिमाली खर्कहरूमा हिमपात पछि चरनको अभाव हुने भएकाले भेडा औल नझारे मर्ने गरेको गुरुङको भनाइ छ ।

मकालु र भोटखोला गाउँपालिकामा सबैभन्दा धेरै काजीमान गुरुङले भेडा पाल्दै आउनुभएको छ । गोठमा करिब सात सय भेडाहरू रहेको उनले बताए । 'वार्षिक रूपमा भेडा खसी र पाठापाठी गरी एक सय भन्दा धेरै भेडा बेच्छु । दसैं देखि वैशाख सम्म प्रायजसो: गुरुङ, भोटे, शेर्पा र राई जातिहरुको कुल पूजाआजा धेरै हुन्छ, यो बेलामा भेडाको खोजी निकै हुन्छ । त्यतिबेला राम्रो आम्दानी हुन्छ ।'

चाडबाडमा.....

रूपमा सम्पन्न भएका छन् । सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न पर्याप्त प्रहरी जनशक्ति र सुरक्षा संयन्त्र परिचालन गरेका थियौं,' एसपी कटवालले भने ।

प्रहरीले चाडपर्वको अवधिमा शान्ति सुरक्षा कायम गर्न सफल भएको दाबी गरे पनि जिल्लामा अपराध नियन्त्रण र लागुऔषध कारोबार रोकथाम चुनौतीका रूपमा कायमै रहेको जनाएको छ ।

व्यूटीसियन चाहियो

दमक-५ स्थित **Velvet Beauty Studio & Cosmetics** लाई एक जना **ब्यूटी आर्टिस्ट** को आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क : ९८२४९२२९०१

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको दमक शाखा, झापाबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझ्नु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य देवस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरतापकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७२ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा २१ (एकाँस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परि मापमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हँदा निज इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आवान गरिनुहुन । साथै ऋणी, ऋणी कगानी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हो व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको स्वाधिन्न ऋणी, व्यक्ति, फर्म, सोका प्रोप्राइटर, कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको पक्रिया अगाडि बढाइनेछ। बोलपत्रदाता उपस्थिता नभए पनि बोलपत्र खोली धितो लिलाम बिकीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानूनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ् सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ् सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसकें बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०७८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारवाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारी 'को लागि सूचित गरिन्छ ।

तपसिल

ऋणीको नाम	धितो विवरण
१. नाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय झापा) मा प्रा.फा.र.नं. २९८/७७भ/२०६६/०६७ कायगा गई गिति २०६६/०९/२८ मा दर्ता भएको मथुरा ईन्टर प्राइजेज (ऋणी) **प्रोप्राइटर** तथा व्यक्तिगत जमानी दिने: **पारस श्रेष्ठ** **व्यक्तिगत जमानी दिने: संगीता श्रेष्ठ, करुणा श्रेष्ठ, भेनस श्रेष्ठ र दुर्गा प्रसाद श्रेष्ठ**	**ऋणी मथुरा ईन्टर प्राइजेज र** न्यू झापा ट्रेड कर्न्सनको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण: खड्ग बहादुर श्रेष्ठको नाति दुर्गा प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने पारस श्रेष्ठ -१ र ऐ.को नाति ऐ. को छोरा ऐ.ऐ. बस्ने भेनस श्रेष्ठ -१ समेत जना २ को संयुक्त नागगा दर्ता कायगा रहेको झापा जिल्ला दमक न.पा. वडा नं. ११ स्थित कित्ता नं. १७४१४७७१ स्थित कित्ता नं. ३६२ को क्षेत्रफल २७५.०० वर्ग मिटरको घर/जग्गा समेत ।
२. वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय झापा) मा प्रा.फ.र.नं. २९४/२३४९ कायम भई मिति २०६७/११/१९ मा दर्ता भएको न्यू झापा ट्रेड कर्न्सन (ऋणी) **प्रोप्राइटर** तथा व्यक्तिगत जगानी दिने: **संगीता श्रेष्ठ** **व्यक्तिगत जमानी दिने: पारस श्रेष्ठ, करुणा श्रेष्ठ, भेनस श्रेष्ठ र दुर्गा प्रसाद श्रेष्ठ** **यसबंधि प्रकाशित सूचना:** मिति २०८३।०२।०५ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित ३४ दिने मार्गदर्शक सूचना । मिति २०८३।०५।११ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।	**ऋणी न्यू झापा ट्रेड कर्न्सनको लागि धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण:** १ खड्ग बहादुर श्रेष्ठको नाति दुर्गा प्रसाद श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ११ बस्ने भेनस श्रेष्ठको नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०४ (हाल परिवर्तित उर्लाबारी न.पा. वडा नं. १) स्थित कित्ता नं. ९०२ को क्षेत्रफल १३५.४.५२ वर्ग मिटरको जग्गा समेत । २. छविलाल श्रेष्ठको नाति खड्ग बहादुर श्रेष्ठको छोरा मोरङ जिल्ला विराटनगर उप म.न.पा. वडा नं. १० (हाल परिवर्तित विराटनगर म.न.पा. वडा नं. ७) बस्ने दुर्गा प्रसाद श्रेष्ठको नाममा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०४ (हाल परिवर्तित उर्लाबारी न.पा. वडा नं. १) स्थित कित्ता नं. ७५३ को क्षेत्रफल ३१४.११ (चित्रा) जग्गा समेत ।

बोलपत्रका शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र रु. १,००० तिरी खरिद गरी दिन सकिनेछ । २. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०८/०८ कार्यालय समय सम्म	२०८३/०८/११ अपरान्ह २:०० बजे	यस बैंकको कुनै पनि शाखा, कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL Himalayan Bank Ltd.
हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४९६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

◆ प्रधान सम्पादक/प्रकाशक: गठजबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com